# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

१ नं.प्रदेश, नेपाल


पत्र संख्या:०७६।०७७
चलानी नं.:

मिति:२०७६।६।५

## आ.व.०७६/०७७ को लागि हाटकर संकलन सम्बन्धी सिलबन्दी दरभउपत्र आव्हानको सूचना ।
## (प्रथम पटक सूचना प्रकाशित मिति:२०७६।६।५)

यस सिद्धिचरण नगरपालिका अन्तरत वार्ड नं.१२ मा शनिवार र वुधवार लाग्ने हटियाबाट चालु आ.व.०७६/०७७ को लागि हाटकर (आन्तरिक आय) संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा व्यक्तिहरुबाट तपसिलमा उल्लेखित शर्त बन्देजमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र यस नगर कार्यपालिकाको कार्यालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | कामको बिवरण | न्यूनतम ठेक्का अंक (कर बाहेक) | जमानत रकम | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोलिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| ६/०७६/०७७ | सिद्धिचरण नगरपालिका वार्ड नं.१२ मा शनिवार र वुधवार लाग्ने हटियाबाट हाटकर संकलन गर्ने काम । | ५,२३,२००।- (पाचलाख तेइस हजार दुई सय) | १५,५००।- (पन्ध हजार पाँचसय) | १०००।- (एक हजार) | २०७६।६।२३ गते कार्यालय समयभित्र | २०७६।६।२४ गते दिनको १२.०० बजेभित्र | २०७६।६।२४ गते अपरान्ह २.०० बजे |

**शर्तहरु:**

१.उल्लेखित ठेक्का २०७६ कात्तिकदेखी २०७७ असार मसान्तसम्मको लागिमात्र हुनेछ ।

२.उल्लेखित ठेक्काको दरभाउपत्र फाराम माथि उल्लेखित मितिभित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३.दरभाउपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको बिवरण र सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय ओखलढुड०गा भनी प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

४.दरभाउपत्रहरु फर्मको नाममा खरिद गर्ने भए फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.०७४/०७५ को आयकर चुक्ता गरेको प्रमाण पत्र, स्थानीय फर्मको हकमा नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि र व्यक्ति भए नेपाली नागरिकाता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरिएको हुनु पर्नेछ ।

५.खरिद गरिएको दरभाउपत्र, दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह १२.०० बजेभित्र सिलबन्दी रुपमा दर्ता गर्न सकिनेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सोहि दिनको अपरान्ह २.०० बजे खोलिनेछ ।

६.दरभाउपत्रदाताले आफूले कबोल गरेको ठेक्काको जमानत वापतको रकम यस कार्यालयको नामको रा.वा.बैंक ओखलढुङ्गा शाखास्थित धरौटी खाता नं.२०७०३०३००७१० मा जम्मा गरेको सक्कलप्रति भौचर वा वाणिज्य बैंकबाट यस नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा ७५ (पचहत्तर दिन) म्याद भएको जमानत पेश गर्नु पर्नेछ ।

७.आफूले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा प्रष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ । कबोल रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८.आफूले कबोल गरेको ठेक्का रकमको पहिलो किस्ता ३० (तीस) प्रतिशत सम्झौता गर्दाको बखत, दोस्रो किस्ता ४० (चालीस) प्रतिशत २०७६ पौष मसान्तभित्र र अन्तिम किस्ता ३०(तीस) प्रतिशत ०७७ बैशाख मसान्तभित्र बुझाउनु पर्नेछ ।

९.ठेक्का सम्झौता भएपछि ठेकेदारले कर असुली रसिद छपाई गरी यस कार्यालयबाट प्रमाणित गराएपछिमात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१०.हाटबाट संकलन गर्न सकिने हाटकरको दर कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

११.यस सूचनामा खुलेको शर्तहरुको हकमा यसै बमोजिम र नखुलेको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

यस सम्बन्धमा थप जानकारी लिनु परेमा कार्यालयको फोन नं.०३७-५२०६८२, ५२०६८३, र ५२०६८४, मा कार्यालय समयमभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

भोजराज सापकोटा
प्रमुख प्रशासकीय अधिकृत